# क्षितिज बहुउद्देश्यीय सहकारी संस्था लि.

## गंगादेव गाउँपालिका २ सुखाओडार

## रोल्पा ।

**चौथो वार्षिक साधारणसभाबाट स्विकृत मिति : २०७९/११/२७**

# बचत कार्यविधि २०७९

“ग्रामीण जिवनस्तर र पूँजिविकासको महाअभियान”

# क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि.

## गंगादेव गाउँपालिका २, सुखाओडार रोल्पा ।

## बचत कार्यविधि -२०७९

प्रमाणित मिति : २०७९/११/२७

नियम नं. ५

**प्रस्तावना :** यस संस्थाका शेयर सदस्यहरूले आफुले आर्जन गरेको आयबाट मितव्ययीताको भावना अभिवृद्धि गरी नियमित रूपमा संस्थामा जम्मा गरिने बचतलाई प्रभावकारी बनाउन र बचतकर्तालाई आफनो बचत सुरक्षित भएको अनुभुती दिलाउँदै सदस्यहरुको अर्थिक विकास गर्ने लक्ष्य प्राप्ति गर्न बचत कार्यबीधिको आवश्यकता महशुस गरी यो **“बचत कार्यविधि २०७९”** को तर्जुमा गरी लागु गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **“बचत कार्यविधि २०७९”** रहेको छ ।

(२) यो कार्यविधि साधारण सभाबाट स्विकृत भएपछि लागू हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. **“ऐन”** भन्नाले **सहकारी ऐन, २०७४** सम्झनु पर्दछ, यो शब्दले प्रदेश सहकारी र स्थानीय तहको सहकारी ऐन लाई समेत जनाउनेछ ।

ख. **“नियमावली”** भन्नाले **सहकारी नियमावली, २०७५** सम्झनु पर्दछ, यो शब्दले प्रदेश सहकारी र स्थानीय तहको सहकारी नियमावली लाई समेत जनाउँनेछ ।

ग. **“रजिष्ट्रार”** भन्नाले सहकारी विभागका रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीलाई सम्झनु पर्दछ, सो शब्दले नियमनकारी निकायको सहकारी हेर्ने प्रमुखलाई समेत जनाउनेछ ।

घ. **“विनियम”** भन्नाले **क्षितिज बहुउदेश्यीय सहकारी संस्था लिमिटेडको विनियम २०७५**, सम्झनु पर्दछ ।

ङ. **“सहकारी संस्था”** भन्नाले **क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि.** लाई जनाउँछ ।

च. **“सञ्चालक”** भन्नाले विनियमको **दफा २७** बमोजिम गठन भएको **क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि.** को संचालक समितिका पदाधिकारी तथा सदस्यहरुलाई जनाउँछ ।

छ. **“लेखा समिति”** भन्नाले **क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि.** को बिनियम बमोजिम गठन भएको लेखासमिति जनाउने छ ।

ज. **“उपसमिति”** भन्नाले **क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि.** को बिनियम बमोजिम संचालक समिति बाट निश्चत कार्य संचालन गर्न गठन भएको उपसमितिलाई जनाउने छ ।

ज **“सदस्य”** भन्नाले **क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि.** को बिनियम बमोजिम रकम जम्मा गरी भएको व्यक्ति, संघ, संस्था तथा शेयर सदस्यलाई जनाउँछ ।

झ. **“कार्यविधि”** भन्नाले **क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि.** ले जारी गरेको कार्यविधिलाई जनाउँछ ।

ञ. **“बचत”** भन्नाले सदस्यहरुले **क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि.** मा जम्म्मा गरेको बचत रकम सम्झनु पर्दछ ।

ट. **“आवधिक बचत”** भन्नाले निश्चित अवधी किटान भएको बचत रकम सम्झनु पर्दछ ।

## परिच्छेद २
## उदेश्य, बचतका प्रकार तथा बचत सङ्कलन

३. **उद्देश्यहरु :** तपशिल बमाजिको उदेश्यहरु प्राप्त गर्न यो कार्यबिधि निमार्ण गरी लागू गरिएको छ ।

क) संस्थामा जम्मा हुने बचतलाई नियमित गर्ने ।

ख) सङ्कलित बचतको सुरक्षा र सदुपयोग गर्ने ।

ग) बचतकर्ताको हरहिसाब व्यवस्थित र पारदर्शी बनाउने ।

घ) बचतको किसिम तथा व्याजको दर यकिन गर्ने ।

ङ) लाभदायी आधारमा खाताबही अद्यावधिक गर्ने ।

च) फजुल खर्चलाई कम गरी बचत गर्नमा प्रेरित गर्ने ।

छ) बचतको महत्वबारे सदस्य लाई बोध गराउने ।

ज) सदस्यहरुको आर्थिक भविष्य सुरक्षित बनाउने ।

ञ) सदस्यहरुको बालबालिकाको भविष्य उज्वल बनाउने ।

४. **बचत खाताका प्रकारहरू :** सहकारिमा तपशिलका बचत खाताहरु रहनेछन् । तर समय सापेक्षित रुपमा सञ्चालक समितिको निर्णयबमोजिम अन्य बचत खाता खोल्न यस नियमअनुसार कुनैपनि बाधा पर्ने छैन ।

**क) मासिक बचत :**

**उदेश्य :** बचत गर्न प्रेरित गर्दै सदस्यलाई भबिष्यमा समृद्ध बनाउने ।

**बचत रकम :** न्युनतम रु ५०० ।

**लक्षित समुह :** सबै शेयर सदस्यहरु

**बचतको बारम्बरता :** जुनसुकै बखत

**बचत सङ्कलन बिधि :** जुनसुकै माध्यामबाट पनि बचत गर्न सकिने ।

**बचतको निस्सा तथा प्रमाण :** पासबुक/चेकबुक/भुक्तानी पूर्जा/SMS /बचत खाता बिबरण/बचत रसिद

**बचत अवधी :** सदस्य रहेसम्म निरन्तर

**व्याजदर :** तोकिएबमोजिम

**व्याज प्रदान :** मासिक/त्रैमासिक/अर्धवार्षिक/बार्षिक

**व्याज गणना बिधि :** दैनिक मौज्दात/औसत मौज्दात/न्युनतम मौज्दात

**बचत फिर्ता :** जुनसुकै बखत

**बचत फिर्ताका लागी आवश्यक कागजात :** चेकबुक/भुक्तानी पुर्जा/सदस्यको निबेदन/भर्पाई/पासबुक

**खाता बन्दी :** सदस्यता फिर्ता, सदस्यता खारेजी वा सदस्यता हस्तान्तरण पछि मात्र

**खाता बन्दी शुल्क :** रु ५००।

**बिशेष व्यवस्था :** बचत रकमको सत प्रतिशत ऋण लिन सकिने ।

**ख) मेरो बचत :**

**उदेश्य :** बचत गर्न प्रेरित गर्दै सदस्यलाई भबिष्यमा समृद्ध बनाउने ।

**बचत रकम :** न्युनतम रु ५०० ।

**लक्षित समुह :** सबै शेयर सदस्यहरु

**बचतको बारम्बरता :** जुनसुकै बखत

**बचत सङ्कलन बिधि :** जुनसुकै माध्यामबाट पनि बचत गर्न सकिने ।

**बचतको निस्सा तथा प्रमाण :** पासबुक/चेकबुक/भुक्तानी पूर्जा/SMS /बचत खाता बिवरण/बचत रसिद

**बचत अवधी :** सदस्य रहेसम्म निरन्तर

**व्याजदर :** तोकिएबमोजिम

**व्याज प्रदान :** मासिक/त्रैमासिक/अर्धवार्षिक/बार्षिक

**व्याज गणना बिधि :** दैनिक मौज्दात/औसत मौज्दात/न्युनतम मौज्दात

**बचत फिर्ता :** जुनसुकै बखत

**बचत फिर्ताका लागी आवश्यक कागजात :** चेकबुक/भुक्तानी पुर्जा/सदस्यको निबेदन/भर्पाई/पासबुक

**खाता बन्दी :** सदस्यता फिर्ता, सदस्यता खारेजी वा सदस्यता हस्तान्तरण पछि मात्र

**खाता बन्दी शुल्क :** रु ५००।

**बिशेष व्यवस्था :** बचत रकमको सत प्रतिशत ऋण लिन सकिने ।

**ग) शेयर लाभाशं बचत :**

**उदेश्य :** शेयर लाभाशं मात्र बचत गर्न

**बचत रकम :** न्युनतम रु ००

**लक्षित समुह :** सबै शेयर सदस्यहरु

**बचतको बारम्बरता :** वार्षिक

**बचतको निस्सा तथा प्रमाण :** चेकबुक/शेयर प्रमाणपत्र

**बचत अवधी :** संस्थामा कम्तिमा १० कित्ता शेयर रहदा सम्म

**व्याजदर :** ०० प्रतिशत बार्षिक

**बचत फिर्ता :** सदस्यको आवश्यकता बमोजिम

**बचत फिर्ताका लागि आवश्यक कागजात :** चेकबुक/भुक्तानी पुर्जा/पासबुक/शेयर प्रमाणपत्र

**खाता बन्दी :** सदस्यता फिर्ता, सदस्यता खारेजी वा सदस्यता हस्तान्तरण पछि मात्र

**खाता बन्दी शुल्क :** रु ००

**बिशेष व्यवस्था :** बचत रकमको सत प्रतिशत ऋण लिन सकिने ।

## घ) दैनिक बचत :

**उदेश्य :** व्यापार व्यवसाय गर्ने सदस्यहरुबाट दैनिक रुपमा स-सानो रकम संकलन गर्ने ।

**बचत रकम :** न्युनतम रु १००।

**लक्षित समुह :** ब्यापारिक सदस्यहरु

**बचतको बारम्बरता** : दैनिक/साप्ताहिक

**बचत संकलन बिधि :** जुनसुकै माध्यामबाट पनि बचत गर्न सकिने ।

**बचतको निस्सा तथा प्रमाण :** चेकबुक/भुक्तानी पूर्जा/पासबुक/SMS/बचत खाता बिबरण

**बचत अवधी :** व्यवसाय रहेसम्म निरन्तर

**व्याजदर :** तोकीएबमोजिम

**व्याज प्रदान :** मासिक/त्रैमासिक/अर्धवार्षिक/बार्षिक

**व्याज गणना बिधि :** दैनिक मौज्दात/औसत मौज्दात/न्युनतम मौज्दात

**न्युनतम मौज्दात :** रु १००।

**बचत फिर्ता :** बचत शुरु गरेको कम्तीमा **१ वर्ष पुरा** भएपछि चाहेमा सतप्रतिशत

**बचत फिर्ताका लागि आवश्यक कागजात :** चेकबुक/भुक्तानी पूर्जा/पासबुक

**खाता बन्दी :** सदस्यले दैनिक बचत गर्न छोडेको **६ महिना** पछी मात्र वा खाता बन्दीको माग भएमा

**खाता बन्दी शुल्क :** रु १००।

**आकस्मिक फिर्ता व्यवस्था :** कुनै कारणबश दुर्घटना वा सदस्यको दयनीय अवस्था भएमा ।

**बिशेष व्यवस्था :** न्युनतम **दैनिक रु ५०००**। बचत गर्नेको **रु २ लाख** बराबरको निशुल्क दुर्घटना बिमा गरिने ।

## ङ) क्रमिक लखपती बचत :

उदेश्य : फजुल खर्च रोकी बचत गर्ने बानीको विकाश गर्ने ।

**बचत रकम :**

क) मासिक **रु ६५० !– मा ६०** किस्ता पश्चात एकमुस्ट भुक्तानी **रु ५०,००० !–**
ख) मासिक **रु १२५० !– मा ६०** किस्ता पश्चात एकमुस्ट भुक्तानी **रु १,००,००० !–**
ग) मासिक **रु २५०० !– मा ६०** किस्ता पश्चात एकमुस्ट भुक्तानी **रु २,००,००० !–**
घ) मासिक **रु ३७५० !– मा ६०** किस्ता पश्चात एकमुस्ट भुक्तानी **रु ३,००,००० !–**
ङ) मासिक **रु ५००० !– मा ६०** किस्ता पश्चात एकमुस्ट भुक्तानी **रु ४,००,००० !–**
च) मासिक **रु ६२५० !– मा ६०** किस्ता पश्चात एकमुस्ट भुक्तानी **रु ५,००,००० !–**
छ) मासिक **रु ७५०० !– मा ६०** किस्ता पश्चात एकमुस्ट भुक्तानी **रु ६,००,००० !–**

**लक्षित समुह :** सबै शेयर सदस्यहरु

**खाता खोल्ने शुल्क :** रु १०० ।

**बचतको बारम्बरता :** प्रत्येक मासिक

**बचत संकलन बिधि :** जुनसुकै माध्यामबाट पनि बचत गर्न सकिने ।

**बचतको निस्सा तथा प्रमाण :** चेकबुक/भुक्तानी पूर्जा/पासबुक/SMS/बचत खाता बिबरण

**बचत अवधी :** ५ वर्ष सम्म वा ६० किस्ता

**न्युनतम मौज्दात :** रु ६५०।

**अधिकतम मौज्दात :** रु ७५००।

**बचत फिर्ता :** ६० किस्ता पश्चात एकमुष्ठ

**बचत फिर्ताका लागी आवश्यक कागजात :** चेकबुक/भुक्तानी पूर्जा/पासबुक

**खाता बन्दी :** प्रति महिना १/१ किस्ता गरि ६० किस्ता पश्चात मात्र

**खाता बन्दी शुल्क :** रु १००।

**बिशेष व्यवस्था :** यस्तो बचतमा प्रति महिना १ मात्र किस्ता बचत गरिने छ । यदि सो भन्दा बढि पटक बचत गरेको भए त्यस्तो किस्तालाई अर्को किस्तामा गणना नगरिने तर अन्त्यमा एकमुष्ट दिनुपर्ने रकममा त्यो रकम पनि जोडेर बचत फिर्ता दिईनेछ । कुनै महिनाको बचत जम्मा गर्न छुटेमा पनि हर्जना वा विलम्ब शुल्क नलगाईने तर **६० महिनामा पाउने बचतलाई ६१ औं महिनामा मात्र** फिर्ताको माग दाबी गर्न पाईनेछ । अन्यथा माग दाबिको निवेदन दर्ता हुनेछैन ।

**च) बाल बचत :**

**उदेश्य :** बचत गर्ने बानीको विकास गरी उज्वल भविष्यको निर्माणमा सहयोग गर्ने ।

**बचत रकम :** न्युनतम रु १००।

**लक्षित समुह :** सबै शेर सदस्यका **१६ वर्ष भन्दा मुनिका** वालवालिकहरु

**बचतको बारम्बारता :** सदस्यको आवश्यकताअनुसार

**बचत संकलन बिधि :** जुनसुकै माध्यामबाट पनि बचत गर्न सकिने ।

**बचतको निस्सा तथा प्रमाण :** चेकबुक/भुक्तानी पूर्जा/पासबुक/SMS/बचत खाता बिबरण

**बचत अवधी :** बढिमा ५ वर्ष फेरि रिनिउ गर्न पनि सकिने

**व्याजदर :** तोकीए बमोजिम

**व्याज प्रदान :** मासिक/त्रैमासिक/अर्धवार्षिक/बार्षिक

**व्याज गणना बिधि :** दैनिक मोज्दात/औसत मौज्दात/न्युनतम मौज्दात

**न्युनतम मौज्दात :** रु १०० ।

**बचत फिर्ता :** एक वर्षमा एक पटक मात्र

**बचत फिर्ताका लागी आवश्यक कागजात :** शेयर सदस्यको चेकबुक/भुक्तानी पूर्जा/पासबुक

**खाता बन्दी :** बालबालिका १६ वर्ष पुगेमा वा बन्दको माग भएमा

**खाता बन्दी शुल्क :** रु १०० ।

**बिशेष व्यवस्था :** हरेक वर्ष धेरै बचत गर्ने बालबालिकाई विषेश पुरस्कारको व्यवस्था ।

**छ) मुद्धती बचत :**

**उदेश्य :** सदस्यले आवधिक बचत गरि अधिकतम लाभ लिने

**बचत रकम :** न्युनतम रु १००।

**लक्षित समुह :** सबै शेयर सदस्यहरु

**बचतको बारम्बरता :** एकपटक मात्र

**बचत संकलन बिधि :** जुनसुकै माध्यामबाट पनि बचत गर्न सकिने ।

**बचतको निस्सा तथा प्रमाण :** आवधिक बचतको प्रमाणपत्र/चेकबुक/भुक्तानी पुर्जा/पासबुक

**बचत अवधी :** १ वर्षदेखी ५ वर्ष सम्म

**व्याजदर :** प्रत्येक **१ वर्ष बढीमा ०.५०** प्रतिशतको फरकमा बार्षिक **८ प्रतिशत देखी १०** प्रतिशत सम्म

**व्याज भुक्तानी :** मासिक/त्रैमासिक/अर्धवार्षिक/बार्षिक/समयअवधी पुरा भएपछि

**व्याज भुक्तानी खाता :** मासिक बचत खाता वा मेरो बचत खातामा

**व्याज गणना बिधि :** दैनिक मौज्दात/औसत मौज्दात/न्युनतम मौज्दात

**बचत फिर्ता :** तोकिएको अवधि पूरा भएमा

**बचत फिर्ताका लागी आवश्यक कागजात :** आवधिक बचतको प्रमाणपत्र/चेकबुक/भुक्तानी पुर्जा/पासबुक

**खाता बन्दी :** तोकिएको अवधि पूरा भएमा वा बन्द गर्न माग भएमा

**खाता बन्दी शुल्क :** रु १०० ।

**बिशेष व्यवस्था :** बचत रकमको सत प्रतिशत ऋण लिन सकिने ।

**ज) अपाङ्ग बचत :**

**उदेश्य :** अपाङ्गको दैनिक जिविको पार्जनमा सहयोगी बन्ने

**बचत रकम :** न्युनतम रु १०० ।

**लक्षित समुह :** शेयर सदस्य वा सोको परिवारका कुनैपनि सदस्यहरु

**बचत खाता खोल्न आवश्यक कागजात :** खातावालको अपाङ्ग परिचयपत्रको फोटोकपी, २ प्रति फोटा, संरक्षक वा हकवालाको नागरिकता र फोटो १/१ प्रति

**बचतको बारम्बरता :** दैनिक/मासिक वा चौमासिक

**बचत संकलन बिधि :** सदस्य वा उसको हकवाला संस्थामै आई बचत गर्नुपर्ने

**बचतको निस्सा तथा प्रमाण :** चेकबुक/भुक्तानी पूर्जा/पासबुक/SMS/बचत खाता बिबरण

**बचत अवधी :** संस्थामा सदस्य रँहदासम्म

**व्याजदर :** अधिकतम बार्षिक ११ प्रतिशत सम्म

**व्याज भुक्तानी :** मासिक/त्रैमासिक/अर्धवार्षिक/बार्षिक/समयअवधी पुरा भएपछि

**व्याज गणना बिधि :** दैनिक मौज्दात/औसत मौज्दात /न्युनतम मौज्दात

**बचत फिर्ता :** आवश्यकता अनुसार

**बचत फिर्ताका लागी आवश्यक कागजात :** चेकबुक/भुक्तानी पूर्जा/पासबुक

**खाता बन्दी शुल्क :** रु १०० ।

**झ) तलबी बचत :**

**उदेश्य :** तलबको केही हिस्सा बचत गर्ने बानीको विकाश गर्ने

**बचत रकम :** न्युनतम रु १००।

**लक्षित समुह :** सबै सदस्यहरु

**बचतको बारम्बरता :** सदस्यको आवश्यकताअनुसार

**बचत संकलन बिधि :** जुनसुकै माध्यामबाट पनि बचत गर्न सकिने ।

**बचतको निस्सा तथा प्रमाण :** चेकबुक/भुक्तानी पूर्जा/पासबुक/SMS/बचत खाता बिबरण

**बचत अवधी :** सदस्य रहेसम्म निरन्तर

**व्याजदर :** तोकीए बमोजिम

**व्याज प्रदान :** मासिक/त्रैमासिक/अर्धवार्षिक/बार्षिक

कार्यविधि २०७९

**ब्याज गणना बिधि :** दैनिक मोज्दात/औसत मौज्दात/न्युनतम मौज्दात

**बचत फिर्ता :** सदस्यले चाहेको बखत संस्थाबाट

**बचत फिर्ताका लागी आवश्यक कागजात :** चेकबुक/भुक्तानी पुर्जा/पासबुक

**खाता बन्दी :** सदस्यता फिर्ता वा सदस्यता खारेजी वा सदस्यता हस्तान्तरण पछी

**खाता बन्दी शुल्क :** रु १००।

**ञ) जेष्ठ नागरिक बचत :**

**उदेश्य :** सदस्यहरुको जेष्ठ उमेरको समयमा आर्थिक संकट पर्न नदिने ।

**बचत रकम :** न्युनतम रु १००।

**लक्षित समुह :** ५० बर्ष भन्दा माथीका सदस्यहरु

**बचतको बारम्बरता :** सदस्यको आवश्यकताअनुसार

**बचत संकलन बिधि :** जुनसुकै माध्यामबाट पनि बचत गर्न सकिने ।

**बचतको निस्सा तथा प्रमाण :** चेकबुक/भुक्तानी पूर्जा/पासबुक/SMS/बचत खाता बिबरण

**बचत अवधी :** सदस्यको उमेर ६५ बर्ष नपुगेसम्म

**ब्याजदर :** तोकीए बमोजिम

**ब्याज प्रदान :** मासिक/त्रैमासिक/अर्धवार्षिक/बार्षिक

**ब्याज गणना बिधि :** दैनिक मोज्दात/औसत मौज्दात/न्युनतम मौज्दात

**बचत फिर्ता :** सदस्यलाई आवश्यक परेको खण्डमा

**बचत फिर्ताका लागी आवश्यक कागजात :** चेक/भुक्तानी पुर्जा

**खाता बन्दी :** सदस्यता फिर्ता वा सदस्यता खारेजी वा सदस्यता हस्तान्तरण पछी

**खाता बन्दी शुल्क :** रु १००।

**ट) साधारण बचत :**

**उदेश्य :** सदस्यको आर्थिक कारोबारमा सरलता प्रदान गर्ने

**बचत रकम :** सिमा नभएको

**लक्षित समुह :** सबै सदस्य, युवा क्लव तथा समूहहरु

**बचतको बारम्बरता :** सदस्यको आवश्यकता अनुसार

बचत कार्यविधि २०७९

**बचत संकलन बिधि :** जुनसुकै माध्यामबाट पनि बचत गर्न सकिने ।

**बचतको निस्सा तथा प्रमाण :** चेकबुक/भुक्तानी पूर्जा/पासबुक/SMS/बचत खाता बिबरण

**बचत अवधी :** सदस्य रहेसम्म निरन्तर

**व्याजदर :** तोकीए बमोजिम

**व्याज प्रदान :** मासिक/त्रैमासिक/अर्धवार्षिक/बार्षिक

**व्याज गणना बिधि :** दैनिक मोज्दात/औसत मौज्दात/न्युनतम मौज्दात

**न्युनतम मौज्दात :** रु १०० ।

**बचत फिर्ता :** सदस्यले चाहेको बखत संस्थाबाट

**बचत फिर्ताका लागी आवश्यक कागजात :** चेकबुक/भुक्तानी पूर्जा/पासबुक

**खाता बन्दी :** सदस्यता फिर्ता, सदस्यता खारेजी वा सदस्यता हस्तान्तरण पछि मात्र

**खाता बन्दी शुल्क :** रु १०० ।

**ठ) सहकारि तलबी बचत :**

**उदेश्य :** सहकारिमा कार्यरत कर्मचारिको तलब जम्मा गरिदिने उदेश्य

**बचत रकम :** न्युनतम रु ००।

**लक्षित समुह :** सबै कर्मचारिहरु

**बचतको बारम्बरता :** मासिक

**बचतको निस्सा तथा प्रमाण :** चेकबुक/भुक्तानी पूर्जा/पासबुक/SMS/बचत खाता बिवरण

**बचत अवधी :** कर्मचारी रहेसम्म निरन्तर

**बचत फिर्ता :** कर्मचारिले चाहेको बखत संस्थाबाट

**बचत फिर्ताका लागी आवश्यक कागजात :** चेकबुक/भुक्तानी पुर्जा/पासबुक

**खाता बन्दी :** कर्मचारिबाट राजिनामा गरेमा वा हटेमा

**खाता बन्दी शुल्क :** रु ००।

बचत कार्यविधि २०७९

**५. खाता खोल्न आवश्यक कागजातहरु :** बचत खाता संचालन गर्न संस्थाले तयार गरेको अनुसुची १ बमोजीमको फारम भरी तपशिल बमोजिको कागजातहरु पेश गुनपर्नेछ ।

क) नागरीकताको प्रतिलिपि

ख) पासपोर्ट साइजको फोटो

ग) इच्छाएको ब्यक्तिको नागरीकता वा जन्मदर्ता प्रतिलिपि

घ) इच्छाएको ब्यक्तिको पासपोट साइजको फोटो

**६. बचतको स्विकार्यता :** तपशिलको प्रकृयाबाट प्राप्त बचत स्विकार गरिनेछ ।

क) संस्थामा जम्मा हुन आएको नगद,

ख) दैनिक बचतकर्ताबाट संकलन गरि ल्याएको नगद,

ग) संस्थाकै एक सदस्यले अर्को सदस्यलाई Account Pay भुक्तानी पुर्जा मार्फत प्रदान गरिएको रकम,

घ) संस्थाको बैंक खातामा रकम जम्मा गरी प्राप्त भएको भौचर अनुसारको रकम,

ङ) मोवाइल बैकिङ वा अन्य कुनै बिधुतीय माध्यमबाट रकमान्तर भई प्राप्त भएको रकम,

च) सदस्यबाट प्राप्त भएको कुनेपनि बैक तथा बित्तिय संस्थाको चेक (उक्त चेक फरफारक भई संस्थाको नाममा जम्मा भईसकेपछी मात्र बचत प्राप्त भएको मानिनेछ । चेक फरफारक गर्न लाग्ने शुल्क सम्बन्धीत सदस्यले नै बहन गर्नुपर्नेछ ।)

छ) संस्थाले नेपाली मुद्राको मात्र कारोबार गर्नेछ ।

**७. बचतमा ब्याजको व्यवस्था :** संस्थाले लागू गरेको विभिन्न किसिमको बचतको ब्याजदर नियमकारी निकायबाट जारी सन्दर्भ व्याजदरको आधारमा बजार स्थिति, प्रतिस्पर्धि संस्थाहरुको ब्याजदर अनुसार समय समयमा विश्लेषण गरी त्यसलाई मध्यनजर गर्दै समय सापेक्ष अनुसार संचालक समितिको निर्णयबाट निर्धारण भए बमोजिम हुनेछ । व्याजमा प्रचलित कानुन अनुसार व्याजकर कट्टा गरिनेछ । आवाधिक बचतको हकमा संम्झौता भइसकेपछी सम्झौता अवधिभर व्याजदर परिर्वतन गरिनेछैन ।

**८. समिति र कर्मचारीका लागी थप अनिवार्य बचत :** संचालक समिति तथा कर्मचारीहरु संस्था सञ्चालनमा प्रतक्ष्य सहभागीता रहने भएकाले संस्थाप्रतीको थप जिम्मेवारीबोध गराउन सञ्चालक तथा कर्मचारीहरुलाई आफ्नो कार्यकालभरी अन्य सदस्यहरु भन्दा केही थप अनिवार्य बचतको व्यवस्था गरिएको छ । सञ्चालक समिति र कर्मचारीहरुले नियमित मासिक बचत न्यूनतम **रु १०००** कायम गरिएको छ ।

**९. ऋणी सदस्यका लागी थप अनिवार्य बचत :** संस्थाको उदेश्य सदस्यलाई आर्थिक रुपमा सवल बनाउने भएको साथै सदस्यलाई आय आर्जन गर्नको लागी ऋण उपलब्ध गराउने भएकोले संस्था वाट ऋण लिई कारोवार गर्ने सदस्यहरुले ऋण लिएको अवधिभरी अनिवार्य रुपमा थप मासिक **रु १०००** बचत जम्मा गनुपर्नेछ ।

## परिच्छेद ३
## बचत फिर्ता तथा हिसाब मिलान

**१०. बचतको भुक्तानी :** सदस्यहरूले संस्थामा आफ्नो खातामा जम्मा गरेको रकम आफ्नो आवश्यकताको समयमा झिक्न पाउनेछन् । तर, संस्थामा सदस्यहरुले जम्मा गरेको बचतलाई लामो समय सम्म सुरक्षा गरी बचतकर्ताको भविष्य र सहकारी संस्थाको संस्थागत दीगो विकासको लागि विशेष व्यवस्था गर्न भने यस कार्यबिधिले बाधा पार्नेछैन । बचत जम्मा गरेका शेयर सदस्यहरुले बचत फिर्ता माग्न आएको देहायको अवस्थामा संस्थाले बचत फिर्ता दिनेछ :

(क) सदस्यले भुक्तानी पुर्जा वा चेकमा तोकिएको विवरण भरी दस्तखत नमूना अनुसारको दस्तखत गरी निवेदन पेश गरेमा ।

(ख) बचत फिर्ता माग्ने सदस्यको खातामा पर्याप्त रकम भएमा ।

(ग) बचत जम्मा गर्दा वा सम्झौता बमोजिमका सबै शर्त र अवधि पुरा भएमा ।

(घ) बचत फिर्ता मागको निवेदनमा आवश्यक सम्पूर्ण विवरणहरु ठीक भएमा ।

(ङ) संस्थाको सदस्यता खारेज भएको अवस्थामा ।

च) बचत फिर्ताका सबै शर्तहरु पुरा भएता पनि आवधिक बचतको तोकिएको अवधि पुरा नहुँदै र अन्य बचत खातामा कार्यबिधि गत व्यवस्था भएको न्यूनतम राख्नुपर्ने भनि तोकिएको रकम भुक्तानी दिन संस्था बाध्य हुनेछैन ।

छ) आवधिक बचत भने तोकिएको समय सीमा पुरा नहुँदै फिर्ता गर्न संस्था बाध्य हुने छैन । सदस्यलाई वित्तिय समस्या आएको अवस्थामा यस शिर्षकमा भएको सदस्यको बचत रकमलाई जमानत राखी संस्थाबाट ऋण लिन सकिनेछ । तर यदी कुनै कारणवश कुनै सदस्यले अवधि पुरा नहुँदै खाता बन्द गर्न चाहेमा संस्थामा बचतमा कायम रहेको न्यूनतम व्याजदरको हिसावले भूक्तानी गरिनेछ ।
तर **क्रमिक लखपति बचत** खाताको रकमको हकमा भने सदस्यको खातामा जम्मा भएको मौज्दात मात्र तोकिएको खाताबन्दी शुल्क कटौती गरि फिर्ता गरिनेछ ।

**११. खाता बन्दी :** शेयर सदस्यले आफ्नो सदस्यता त्याग गरेको अवस्थामा संस्थामा संचालनमा रहेका सबै खाताहरू स्वतः बन्द गरिनेछ । शेयर सदस्यले संस्थागत व्यवस्था बमोजिमको निवेदन र खाता बन्दी शुल्क बुझाई सदस्यता छाड्नु पर्नेछ ।

**१२. बचत/निक्षेपको अभिलेख :** संस्थामा सदस्यहरुले जम्मा गरेको बचत/निक्षेपलाई प्रत्येक सदस्यको बचत/निक्षेपगत खाता खोली व्यवस्थित रुपमा अभिलेख राख्नेछ । संस्थाले प्रविधिहरुको उच्चतम् प्रयोग गरी सदस्यहरुको बचतको अभिलेखलाई थप व्यवस्थित एवं पारदर्शी रुपमा व्यवस्थापन गर्नेछ ।

**१३. बचत/निक्षेपमा हकदाबी :**

(क) सदस्य जिवित रहँदासम्म संस्थामा नीजको नाममा रहेको बचतमा अरु कसैको हकदाबी लाग्ने छैन ।

(ख) सदस्यको मृत्यु भएमा निजले ईच्छाएको व्यक्तिको हक लाग्नेछ । कानुन बमोजिमको हकवाला र ईच्छाएको व्यक्ति फरक भई तोकिएको समय भित्र दुवै पक्षबाट मृत्यु दर्ताको प्रमाण सहित दावी गर्न आएमा द्वीपक्षीय समझदारी बमोजिम वा अदालती प्रक्रियाबाट टुङ्गो लागेपश्चात मात्र कानुनले तोकेको व्यक्तिलाई भुक्तानी दिईनेछ ।

(ग) सदस्यले ईच्छाएको व्यक्ति किटान नगरेको अवस्थामा प्रचलित कानून वमोजिमको हकवालाको हक लाग्नेछ ।

(घ) सदस्यको मृत्यु भएको २ वर्षसम्म पनि कुनै व्यक्तिबाट निजको नाममा रहेको बचतमा दावी गर्न नआएमा संस्थाले सार्वजनिक सुचना प्रकाशित गरी दावी माग गर्नेछ । यसरी सुचना गर्दा समेत बचत फिर्ताका लागि कसैको दावी नआएमा त्यस्तो बचत रकम भुक्तानी दिनुपर्नेमा सारिनेछ । सदस्यको मृत्यु भएको ५ बर्ष सम्म पनि बचतमा कसैको पनि हकदाबी नभएमा प्रचलित कानुन बमोजीम हुनेछ।

**१४. पासबुक रुजु तथ हिसाव मिलान सम्बन्धी व्यवस्था :** संस्थाका सदस्यहरुको पासबुक रुजु तथा हिसाब मिलान तपशिल बमोजिम गरिने ।

क) दैनिक बचतको पासबुक सदस्यको व्याक्तिगत खाता सँग भिडाई मासिक रुपमा रुजु गरी हिसाव मिलान गर्नु पर्नेछ ।

ख) अन्य बचतको हकमा सदस्यले नै त्रैमासिक रुपमा पासबुक अद्यावधिक गराउनुपर्नेछ ।

## परिच्छेद ४
## बिबिध

**१५. बचतको परिचालन :** सदस्यको बचत तपशिलका कार्य बाहेक अन्य कुनै पनि कार्यमा परिचालन गर्न बन्देज गरिएको छ ।

क) सदस्यलाई ऋण लगानी,

ख) राष्ट्रिय सहकारी बैकको सेयर खरिद,

ग) नेपाल सरकारले जारी गरेको ऋणपत्र खरिद,

घ) साना किसान लघुबित्त संस्थाको सेयर खरिद,

ङ) विभिन्न उत्पादनमूलक क्षेत्रमा,

**१६. व्याख्या** : यस कार्यबिधिको व्याख्या गर्ने अधिकार **संञ्चालक समितिमा** निहित रहनेछ ।

**१७. संसोधन तथा थपघट :** यस कार्यबिधिमा संसोधन तथा थपघट गर्ने अधिकार **साधारण सभामा** रहनेछ ।

**१८. खारेजी र बचाउ**

(क) यो कार्यबिधि जारी भएपछि यस भन्दा अगाडी कार्यान्वयनमा रहेको बचत कार्यबिधि स्वतः खारेज हुनेछ । सो कार्यबिधि अनुरुप हालसम्म भएका काम कारवाहीहरु यसै बचत कार्यबिधि अनुरुप भए गरेको मानिनेछ ।

(ख) प्रचलित अन्य कानुन एवं संस्थामा कायम रहेको विनियमसँग बाँझिएको हदसम्म यो कार्यबिधि का व्यवस्था स्वतः निस्क्रिय हुनेछन् ।

समाप्त

अनुसुची १

परिच्छेद ३ को नियम ५ सँग सम्बन्धित

# क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि.

## गंगादेव गाउँपालिका २, सुखाओडार रोल्पा ।

## बचत खाता फाराम

निवेदकको फोटो

**श्री व्यवस्थापक ज्यू,**
**क्षितिज बहुउदेश्यीय सहकारी संस्था लि.**
**गंगादेव गाउँपालिका २ सुखाओडार रोल्पा ।**

## विषय : बचत खाता खोल्नपाउँ ।

म यस संस्थाको देहायबमोजिमको शेयर सदस्य भएकोले मलाई यस संस्थामा ........... **बचत खाता** र ..............**बचत खाता** खोल्न दिनुहुन अनुरोध छ। साथै आवश्यक कागजात पनि यसै निवेदनसाथ पेश गरेको अवगत गराउँदछु।

दायाँ बायाँ

**निवेदक**

**नाम थर :**

**सदस्य नम्बर : MR-01-**

**मोबाईल नम्बर :**

**स्थाई ठेगाना :**

**हस्ताक्षर :**

**निवेदन मिति :**

---

## कार्यालय प्रयोजनको लागि

आज मिति २०   /............................मा गंगादेव गाउँपालिका वडा .......................मा बसोबास गर्ने **MR-01-**.............सदस्यता नम्बर भएका श्री ..........................................................लाई यस सहकारिमा **मासिक बचत खाता** र **शेयर लाभाशं बचत खाता** खोल्ने प्रयोजनको लागि यो निवेदन स्वीकृत गरियो ।

**बचत खाता नम्बर :**

**.........-01-........**

**.........-01-........**

**खाता खोलिएको मिति :**

............................

**ब्यबस्थापक**